# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, जेठ १३ गते २०५९ साल (संख्या ७

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव र २०५८ अङ्कित देहाय बमोजिमको डिजाइन, नाप र तौल भएका सिक्काहरू निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ।

अग्र भाग: वरिपरी ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५८ रहो स्वस्तिक चिन्हभित्र श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ।

पृष्ठ भाग: वरिपरी ६४ थोप्लाभित्र सबभन्दा माथि अर्ध गोलाकार रूपमा नेपालीमा भगवान् महावीर २६०० औं जन्म कल्याणक बीचमा भगवान् महावीरको तस्वीर, तस्वीरको बायाँतर्फ नेपालीमा रू. २५० र दायाँतर्फ अंग्रेजीमा Rs. 250 उल्लेख भई सबभन्दा तल अर्ध गोलाकार रूपमा नेपालीमा नेपाल २०५८ र अंग्रेजीमा NEPAL उल्लेख रहनेछ।

स्पेसिफिकेशन

| | |
|---|---|
| दर | रू. २५०।- |
| तौल | २० ग्राम ± ३०० मि. ग्राम |
| व्यास | २९ मि. मि. |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| धातु | ९९५ टच चाँदी |
| सिरेशन | साधा |
| अधिकतम निष्काशन थान | १०,००० |

## सूचना २

श्री ५ को सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव र २०५८ अङ्कित देहायबमोजिमको डिजाइन, नाप र तौल भएका सिक्काहरू निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

अग्र भागः वरिपरी ६४ थोप्लाभित्र गोलाकार रूपमा श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव २०५८ जेठ २२ र बीचमा श्री ५ महाराजाधिराज सरकारको श्रीपेच पहिरिबक्सेको तस्वीर अङ्कित रहनेछ ।

पृष्ठ भागः वरिपरी ६४ थोप्लाभित्र अष्टपटलमा गोलाकार रूपमा श्री श्री श्री गो र ख ना थ र बीचमा वृत्तभित्र अर्ध गोलाकार रूपमा श्री भ वा नी, पुष्पमाला, खड्ग र त्यसको तल रू. २००० नेपाल उल्लेख रहनेछ ।

स्पेशिफिकेशन

| | |
|---|---|
| दर | रु. २०००।- |
| तौल | ३१.१०३ ग्राम (१ औंस) |
| व्यास | ४० मि.मि. |
| धातु | ९९५ चाँदी |
| सिरेशन | धर्सो भएको |
| स्तर | साधारण |
| अधिकतम निष्काशन थान | २,००० |

## सूचना ३

श्री ५ को सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव र २०५८ अङ्कित देहायबमोजिमको डिजाइन, नाप र तौल भएका सिक्काहरू निष्काशन गर्न नेपाल राष्ट्र बैङ्कलाई स्वीकृत दिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

अग्र भाग : वरिपरी ६४ थोप्लाभित्र गोलाकार रुपमा श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव २०५८ जेठ २२ र वीचमा श्री ५ महाराजाधिराज सरकारको श्रीपेच पहिरिबक्सेको तस्वीर अङ्कित रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पृष्ठ भाग : वरिपरी ६४ थोप्लाभित्र अष्टपटलमा गोलाकार रुपमा श्री श्री श्री गो र ख ना थ र बीचमा वृत्तभित्र अर्ध गोलाकार रुपमा श्री भ वा नी, पुष्पमाला, खड्ग र त्यसको तल असर्फी नेपाल उल्लेख रहनेछ ।

स्पेशिफिकेशन

| | |
|---|---|
| दर | असर्फी |
| तौल | ११.६६ ग्राम (१ तोला) |
| व्यास | २७.५ मि.मि. |
| धातु | ९९९.० सुन |
| सिरेशन | धर्सो भएको |
| स्तर | साधारण |
| अधिकतम निष्काशन थान | २,००० |

## सूचना ४

श्री ५ को सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०२८ को दफा ५२ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव र २०५८ अङ्कित देहायबमोजिमको डिजाइन नाप र तौल भएका सिक्काहरु निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ।

अग्र भाग : वरिपरी ६४ थोप्लाभित्र गोलाकार रुपमा श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव २०५८ जेठ २२ र बीचमा श्री ५ महाराजाधिराज सरकारको श्रीपेच पहिरीबक्सेको तस्वीर अङ्कित रहनेछ ।

पृष्ठ भाग : वरिपरी ६४ थोप्लाभित्र अष्टपटलमा गोलाकार रुपमा श्री श्री श्री गो र ख ना थ र बीचमा वृत्तभित्र अर्ध गोलाकार रुपमा श्री भ वा नी, पुष्पमाला, खड्ग र त्यसको तल रु. पच्चीस रुपैयाँ नेपाल उल्लेख रहनेछ।

स्पेशिफिकेशन

| | |
|---|---|
| दर | रु. २५।– |
| तौल | ८.५ ग्राम |
| व्यास | २९ मि.मि. |
| धातु | क्यूप्रोनिक्कल |
| सिरेशन | साधा |
| स्तर | ननप्रुफ |
| अधिकतम निष्काशन थान | २५,००० |

आज्ञाले,
प्रमोद कुमार कार्की
सह सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०५९ साल वैशाख १९ को निर्णयानुसार रक्षा मन्त्रालयका सचिव श्री पदमकुमार आचार्यले निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) बमोजिम निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदबाट स्वेच्छिक अवकाश पाउन दिनु भएको निवेदन सोही ऐन बमोजिम, २०५९ वैशाख १८ गतेदेखि लागू हुने गरी स्वीकृत गरिएको छ।

### सूचना २

श्री ५ को सरकारको मिति २०५९ साल वैशाख १९ गतेको निर्णयानुसार सूचना तथा संचार मन्त्रालयका का.मु. सचिव श्री प्रभाकर अधिकारीलाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह (रा.प. प्रथम श्रेणी प्रा.) मा राखिएको छ।

### सूचना ३

श्री ५ को सरकारको मिति २०५९ साल वैशाख १९ को निर्णयानुसार हुलाक सेवा विभागका महानिर्देशक श्री मुकुन्द शर्मा पौड्याललाई सूचना तथा संचार मन्त्रालयको सचिव पदमा र जल तथा शक्ति आयोगको सचिवालयका निमित्त कार्यकारी सचिव श्री केशवबहादुर चन्दलाई सोही आयोगको सचिवालयको कार्यकारी सचिव पदमा कायम मुकायम मुकरर गरिएको छ।

### सूचना ४

श्री ५ को सरकारको मिति २०५९ साल वैशाख २० को निर्णयानुसार भन्सार विभागका महानिर्देशक श्री माधवप्रसाद घिमिरेलाई महालेखा नियन्त्रक कार्यालयको महालेखा नियन्त्रक पदमा कायम मुकायम मुकरर गरिएको छ।

आज्ञाले,
शशिकान्त मैनाली
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।